# ७. रेडियोमा जनजाति

- कुमार यात्रु

२०४६ को जनआन्दोलनभन्दा पछाडि संचारमाध्यमहरु खास गरेर प्रसारण माध्यमहरुमा परिवर्तनको आशा गरिनु स्वाभाविक हो। जनआन्दोलनले राजनीतिक परिवर्तन गर्दै बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना मात्र गरेन, नेपाल एक बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक राष्ट्र भएको यथार्थलाई पनि संवैधानिक व्यवस्था गऱ्यो। यो संवैधानिक परिवर्तनबाट देशका अन्य क्षेत्रमा झैं संचार माध्यमहरुमा पनि प्रभाव पर्दै गएको छ। यसले गर्दा हालका वर्षहरुमा संचारको अवधारणा, प्रक्रिया र सामग्री चयनमा पनि ठूलो परिवर्तन देखा पर्दै आएको छ। नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं प्रत्येक नागरिकलाई सूचना प्राप्त गर्ने हकले गर्दा पनि संचार माध्यमहरुलाई प्रजातान्त्रिक एवं बहुलवादी समाजको आवश्यकताअनुरुप परिवर्तन हुन कर लागेको छ। यसै पृष्ठभूमिमा पाँच दशकदेखि नेपाल अधिराज्यको सबैभन्दा महत्त्वपूर्ण र व्यापक आमसंचारका रुपमा रहेको रेडियो प्रसारणबाट उत्पादित विविध कार्यक्रमहरुमध्ये मुलुकको जनसंख्यामा महत्त्वपूर्ण अंशका रुपमा रहेका आदिवासी एवं जनजाति कार्यक्रमबारे यहाँ संक्षिप्त अध्ययन गर्ने जमर्को गरिएको छ।

## बहुदलीय समाज र रेडियो कार्यक्रम

नेपाल एक बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो। नेपाल अधिराज्यको संविधान २०४७ ले विभिन्न जाति, धर्म, भाषा, वर्ण र सम्प्रदाय बीच विद्यमान सबै प्रकारका असमानता हटाई सबै जाति, धर्म, सम्प्रदाय र भाषाभाषीहरुको साहित्य, कला, लिपि, धर्म, भाषा र संस्कृतिको विकासद्वारा साँस्कृतिक विविधता र पहिचान कायमै राखी राष्ट्रिय एकता सुदृढ गर्ने परिकल्पना गरेको छ। श्री ५ को सरकारले २०५४ साल असार २३ गते ६१ जनजातिहरुलाई सूचीकृत गरेको छ। २०४८ को जनगणनाअनुसार नेपालमा जनजातिहरुको जनसंख्या ६५,७२,२६५ छ। जुन कुल जनसंख्याको ३५.६ प्रतिशत हुन्छ। तथापि ३५ वटा जनजातिहरुको जनगणना नै नभएकाले ती समेत जोड्दा कुल जनसंख्याको ४३ प्रतिशत हुने दाबी श्री ५ को सरकारद्वारा गठित राष्ट्रिय जनजाति विकास समितिको रहेको छ। जनजातिहरुको ठूलो समुदाय मगरको जनसंख्या ७.२४ प्रतिशत रहेको छ। ठूला समुदायहरुमा थारु ६.५ प्रतिशत, नेवार ५.६ प्रतिशत, तामाङ ५.५ प्रतिशत, राई २.८ प्रतिशत, गुरुङ २.४ प्रतिशत र लिम्बू १.६ प्रतिशत छन्। अन्य जनजातिहरु १ प्रतिशतभन्दा कम रहेका छन्। सबैभन्दा सानो समुदाय राउटेको हो। राउटेको जनसंख्या २८७८ भएको तथ्याङ्कले प्रष्ट्याएको छ।

त्यस्तै भाषामा पनि विविधता हुने नै भयो। सरकारद्वारा गठित राष्ट्रिय भाषानीति सुझाव आयोगको

प्रतिवेदनअनुसार लेख्य परम्परा भएका भाषाहरुमा नेपाली समेत १० वटा भाषा, लेख्य परम्परा नभएका २९ र लोपवान भाषा २० भन्दा बढी रहेको देखाइएको छ।

धार्मिक दृष्टिकोणले पनि नेपाल विविध धार्मिक एवं सम्प्रदायहरुको संगमस्थल हो। संविधानतः नेपाल 'हिन्दू' अधिराज्य भए तापनि नेपालमा बसोबास गर्ने हिन्दूहरु मात्र छैनन्। बौद्ध, किरात, मुस्लिम, ईसाइ धर्म लगायत यसभित्र विविध सम्प्रदाय र वादहरु छन्। त्यसैले बहुधार्मिक राष्ट्रका रुपमा नेपाल परिचित छ।

जाति, भाषा र धर्मका दृष्टिकोणले विविधता भएको मुलुकमा साँस्कृतिक बहुलता एक विशेषता नै हो। यस्तो विविधतापूर्ण सांस्कृतिक सम्पदा रहेको मुलुकमा संचार माध्यमको प्रवृत्ति र चरित्र पनि विविधतापूर्ण हुनु पर्ने आग्रह जायज मात्र होइन बहुलवादी संचार माध्यमको आफ्नो कर्तव्यभित्र पर्दछ। आम नागरिकले आफ्नो पहिचानको प्रतिविम्ब संचार माध्यममा खोज्नु स्वाभाविक हो। यसमा झन् सर्वव्यापी र सर्वसुलभ मानिने रेडियो प्रसारणमा आफ्नो अनुहार खोज्नु आम नागरिकको अधिकार नै हो। रेडियो स्टेसनबाट प्रसारण हुने कार्यक्रमहरुमा आफ्ना गतिविधि, सांस्कृतिक झलक, सूचना प्राप्त गर्नु जनजातिहरुको हक पनि हो।

तर विडम्बनावश पाँच दशक पार गरेको नेपालको रेडियो प्रसारणले जनजाति समुदायको पहुँचमा सरलताका साथ प्रवेश गर्न सकेको छैन। रेडियो प्रसारणको आधारभूत संरचनामा सरकारी नियन्त्रणको परम्परावादी सोचले फुकुवा नपाएकै कारणले यस्तो भएको हो भन्ने निष्कर्षमा पुग्न जो कोहीलाई पनि गाह्रो पर्दैन।

रेडियो प्रसारण परिवर्तनको जेब्राक्रसमा

निश्चय नै २०४६ सालको परिवर्तनले रेडियोलाई एउटा प्रजातान्त्रिक एवं बहुजातीय समाजको आवश्यकता र अपेक्षाअनुरुप संचालन गर्न सकिने संभावनाको ढोका खोलिदिएको छ। २०४६ को परिवर्तनपछि यस दिशामा केही सकारात्मक पहल पनि नभएका होइनन्। विशेष गरेर २०४९ सालमा तर्जुमा गरेको राष्ट्रिय संचार नीतिले यी अपेक्षालाई परिपूर्ति गर्ने प्रयत्न गरेको छ। यसर्थ रेडियोबाट प्रसारण हुने कार्यक्रम, उत्पादन हुने सामग्रीलाई विश्लेषण गर्दा २०४६ पछिको एक दशकलाई दुई कालमा यसरी विभक्त गर्न सकिन्छः

(क) २०४६ देखि २०४९ सालसम्मको संक्रमण काल।

(ख) राष्ट्रिय संचारनीति २०४९ लागू भएपश्चात्को काल।

(क) संक्रमण काल (२०४६-४९): सूचनाप्रवाहमा एकाधिकार कायम गर्दै आएको प्रसारणमध्येको रेडियो नेपाललाई २०४६ को परिवर्तनले तत्काल छोएन। 'विकासको लागि सञ्चार'को पञ्चायती नाराद्वारा दीक्षित रेडियो नेपाल सत्ताधारीको प्रचारयन्त्रमा पंचायतले प्रयोग गरे झैं २०४६ को परिवर्तनपछि पनि सत्ताधारीकै प्रचारयन्त्रमा सीमित रह्यो। त्यति हो, पंचायतको गुणगान गाउने रेडियो नेपाल २०४६ पछि सत्तारुढ दलहरुको गुणगान गाउन व्यस्त रह्यो। यसबीचमा नयाँ कार्यक्रमका रुपमा ल्याइएका 'घटना र विचार' 'चिन्तनको चौतारी' जस्ता समाचारमूलक कार्यक्रमले राजनीतिक सन्देशहरुलाई प्रसारण गरेर रेडियो प्रसारणमा केही लोकप्रियता थपे पनि बहुलवादी समाज अनुकूल समाचार, सूचना, सम्प्रेषणमा यी कार्यक्रमहरु त्यति निर्विघ्न अगाडि

बढ्न सकेनन्।

एकातिर संविधान निर्माण गर्ने र संविधानमा जनजातिहरुको आवाज समावेश गर्ने माग जनस्तरमा व्यापक बढिरहेको थियो भने रेडियो नेपालबाट प्रसारित हुने कार्यक्रममा ती आवाज समेटिन सकेनन्। संविधान निर्माण भएपछि जनजातिहरुको नाममा संगठित हुनेहरु साम्प्रदायिक गतिविधिमा लागेको प्रचार गर्न रेडियो उद्यत्त रह्यो। जनजाति भन्ने संज्ञा राखेर गठन गरिएको राजनैतिक दल निर्वाचन आयोगबाट खारेज गरियो र यसको प्रतिक्रियास्वरुप उठेका आवाजहरुलाई कुनै स्थान रेडियोले दिन सकेन। त्यसैगरी नै धार्मिक, भाषिक असमानतामा पनि रेडियोले पुनर्मूल्याङ्कन गर्ने प्रयास गरेन। सामान्य फूलबारी कार्यक्रमको नाममा भाषाभाषीका गीतका रेकर्डहरु सुनाएर, धार्मिक कार्यक्रमबाट सम्पूर्ण देशवासी हिन्दू रहेको ढोङ फुकेर एवं हाम्रो संस्कृति कार्यक्रमबाट जन्म, मृत्युजस्ता संस्कारको बखान गरेर नै आफ्नो कर्तव्य निर्वाह गरेको दम्भ गर्‍यो। समग्रमा जनजातिहरुका लागि २०४६ सालपछिको यो तीन वर्ष रेडियो प्रसारणको दृष्टिकोणले सुखद रहेन।

यति हुँदा हुँदै पनि २०४७ असाढ १५ गतेबाट प्रारम्भ गरिएको नेवारी र हिन्दी भाषाको समाचार बुलेटिन र राष्ट्रिय संचार नीति एवं राष्ट्रिय प्रसारण ऐन २०४९ निर्माण गर्ने गृहकार्यमा लाग्नु यस कालको सकारात्मक पक्ष हो।

(ख) राष्ट्रिय सञ्चार नीति २०४९ लागू भएपछिको काल (२०४९-२०५७): संचार नीतिः श्री ५ को सरकारले जारी गरी लागू गरेको राष्ट्रिय संचार नीति २०४९ संचार माध्यमका लागि एक महत्त्वपूर्ण घटना हो। यस सञ्चार नीतिले विशेष गरेर सरकारी नियन्त्रणमा रहेको रेडियो प्रसारणलाई परिवर्तन गर्न ठूलो सघाउ पुर्‍याएको छ। सञ्चार नीतिले रेडियो नेपालसम्बन्धी निम्नानुसार निर्देशन दिएको छः

- प्रसारणसम्बन्धी छुट्टै ऐनको तर्जुमा गर्ने,
- क्षेत्रीय प्रसारणको अवधारणा लिई क्रमिक रुपमा कार्यक्रमहरुलाई राष्ट्रिय भाषाहरुमा प्रसारण गर्ने,
- कार्यक्रम उत्पादनमा निजी क्षेत्रको सहभागिता बढाउदै लैजाने,
- भविष्यमा दुई च्यानलको कार्यक्रम प्रसारण गर्ने।

प्रसारण ऐन-२०४९ र एफ.एम. स्टेसनः उपर्युक्त सञ्चार नीतिको मर्मअनुसार संसद्ले सोही वर्ष राष्ट्रिय प्रसारण ऐन पारित गर्‍यो। सो ऐनको प्रमुख विशेषता निजी क्षेत्रलाई एफ.एम. (फ्रिक्वेन्सी मोडुलेसन) प्रविधि प्रयोग गर्न अनुमति दिने नीति एक हो। यसरी अनुमति प्राप्त एफ.एम.प्रसारणले निम्न विषयमा प्राथमिकता दिनु पर्ने शर्त ऐनमा राखिएको छः

- कृषि, शिक्षा, स्वास्थ्य जस्ता विकासमूलक कार्यक्रमहरु,
- सबै जाति, भाषा, धार्मिक सम्प्रदाय बीच सद्भावना बढाउने कार्यक्रमहरु,
- राष्ट्रिय हित र एकतामा अभिबृद्धि गराउने कार्यक्रमहरु,
- लोकगीत, लोकसंस्कृतिको प्रवर्द्धन हुने कार्यक्रमहरु।

यो ऐनअनुसार हालसम्ममा एफ.एम. स्टेसनहरु खुलेका छन्। जनघनत्व बढी भएको काठमाडौँमा विभिन्न एफ.एम.स्टेसनहरु संचालन भइरहेका छन् भने अन्य क्षेत्रमा पनि एफ.एम. स्टेसन खुल्ने क्रममा छन्। प्रसारण पत्रकारिताका दृष्टिकोणले यो एउटा सुखद लक्षण हो। यी प्रसारणहरुबाट पनि केही न केही जनजातीय कार्यक्रमहरु प्रसारण हुँदै जानु अर्को शुभलक्षण हो। गाउँ-गाउँमा स्वतन्त्र प्रसारण संस्था खुल्ने उपक्रमले बहुलवादी सञ्चारको अवधारणामा थप सहयोग मिल्ने कुरामा सन्देह छैन।

क्षेत्रीय प्रसारणको अवधारणाः २०४६ सालपछि जारी गरिएको राष्ट्रिय संचार नीतिको महत्त्वपूर्ण उपलब्धि क्षेत्रीय प्रसारण हो। क्षेत्रीय रुपमा भाषा, संस्कृति, धर्म एवं जातिगत रुपले पृथक् रहेको नेपालमा केन्द्रीय प्रसारणले मात्र सबै जातिहरुलाई समेट्न नसकिने कारणले नै क्षेत्रीय प्रसारणको अवधारणा यहाँ अपरिहार्य भएको हो। अहिले धनकुटा, काठमाडौँ, पोखरा, सुर्खेत र दिपायलमा छुट्टै क्षेत्रीय प्रसारण स्टुडियोको निर्माण भएको छ। यी सबै क्षेत्रीय प्रसारणबाट त्यस क्षेत्रमा बहुल रहेका राष्ट्रिय भाषामा समाचार र एक/एक वटा कार्यक्रम प्रसारण गर्ने गरिन्छ।

रेडियो कार्यक्रममा आएको परिवर्तन

माथि नै चर्चा भएअनुसार रेडियो प्रसारण क्रमशः प्रजातन्त्रीकरण हुने उपक्रममा रहेको छ। २०४६ सालको राजनीतिक परिवर्तनले नै यस दिशामा सञ्चारमाध्यमहरुलाई परिवर्तन हुन मार्गनिर्देशन गरेकोमा दुईमत छैन। कार्यक्रमको स्वरुपको आधारमा निम्न बमोजिम समय अनुपातमा परिवर्तन आएको छ।

तालिका ७.१: कार्यक्रमको समयावधिमा भएको परिवर्तन

| कार्यक्रमको किसिम | २०४६ पौषदेखि | २०४९ पौषदेखि | २०५० वैशाखदेखि | २०५३ अषाढदेखि |
|---|---|---|---|---|
| साप्ताहिक कार्यक्रम | १०१ घण्टा | १०७ घण्टा | १०७ घण्टा | १५० घण्टा |
| समाचारमूलक कार्यक्रम | १६.८% | १५% | १७.२८% | २०.५०% |
| शिक्षामूलक कार्यक्रम | ३८.७% | २५% | २३.९१% | १६.४०% |
| मनोरञ्जन कार्यक्रम | ४४.५% | ६०% | ५८.८१% | ६३.१०% |

*नोट- रेडियो नेपालको कार्यक्रमका आधारमा, स्रोतः महेशप्रसाद अधिकारी, उपनिर्देशक रेडियो नेपाल।*

माथिको तथ्याङ्कले के देखाउँछ भने समाचारमूलक कार्यक्रमको समय केही बढ्दै गएको छ भने शिक्षामूलक कार्यक्रम घट्दै गएको छ। त्यसरी नै मनोरञ्जनात्मक कार्यक्रम पनि बढ्दै गएको छ। यसरी मनोरञ्जनात्मक कार्यक्रम बढ्नाका कारण रेडियोको आफ्नो विज्ञापन बढाउनु पर्ने बाध्यता भएको बताइन्छ।

जनजातीय दृष्टिकोणले रेडियो कार्यक्रमको विश्लेषण

देशको संवैधानिक परिवर्तनबाट रेडियो प्रसारणमा परिवर्तन आउनु स्वाभाविक हो। यस परिवर्तनबाट समाजका विविध विचारधारा, दृष्टिकोण, मूल्यमान्यता, धर्मसंस्कृति, परम्परा, रीतिरिवाजको तथ्यपरक प्रस्तुति गरिनु महत्त्वपूर्ण हो। विभिन्न समूह तथा समुदायको विस्तारित सामाजिक रुपलाई प्रस्तुत गर्नु संचारमाध्यमको कर्तव्य हो। बहुलवाद बिनाको प्रजातन्त्र केवल नारामा मात्र सीमित हुन्छ। यसैले रेडियो कार्यक्रमलाई निम्न बुँदामा केन्द्रित रहेर यहाँ विश्लेषण गर्ने जमर्को गरिएको छः

१. रेडियोमा जनजातिको भाषाः नेपालका जनजातिहरुको छुट्टै भाषा छ। जुन भाषालाई संवैधानिक रुपले राष्ट्रिय भाषा भनिन्छ। जनजाति समुदायहरुले सबै भाषालाई समान व्यवहार गर्नुपर्ने माग अघि सारिरहेका बेला २०४९ देखि क्षेत्रीय प्रसारणका रुपमा केही कार्यक्रम सञ्चालन गर्न थालिएको छ। ती कार्यक्रममध्ये शेर्पा र उर्दू भाषामा कार्यक्रम सर्टवेभ प्रसारणमा र अन्य क्षेत्रीय प्रसारण मार्फत गरिँदै छ। जुन निम्नानुसार छः

तालिका ७.२: भाषागत रुपमा रेडियो कार्यक्रम

| सि. नं. | कार्यक्रमको भाषा | जनसंख्याको प्रतिशत | रेडियो नेपाल (साप्ताहिक कार्यक्रम) | | रेडियो सगरमाथा (साप्ताहिक कार्यक्रम) | | मेट्रो एफ.एम. (साप्ताहिक कार्यक्रम) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | समय (मिनेट) | प्रतिशत | समय (मिनेट) | प्रतिशत | समय (मिनेट) | प्रतिशत |
| १. | नेपाली | ५०.३१ | ८००५ | ८८.९० | ४८२५ | ९१.३८ | ३१५० | ७५.०० |
| २. | मैथिली | ११.८५ | ५० | ०.५६ | | | | |
| ३. | भोजपुरी | ७.४६ | ५० | ०.५६ | | | | |
| ४. | तामाङ | ४.८९ | ५० | ०.५६ | | | २१० | ५.०० |
| ५. | अवधी | २.०२ | ५० | ०.५६ | | | | |
| ६. | पूर्वेली थारु | ५.३७ | ५० | ०.५६ | | | | |
| ७. | पश्चिमे थारु | | ५० | ०.५६ | | | | |
| ८. | नेवार | ३.७३ | ५० | ०.५६ | ४५५ | ८.६२ | ८४० | २०.०० |
| ९. | मगर | २.३२ | ५० | ०.५६ | | | | |
| १०. | खाम मगर | | ५० | ०.५६ | | | | |
| ११. | राई किराँत (बान्तवा) | २.३७ | ५० | ०.५६ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२. | गुरुङ | १.२३ | ५० | ०.५६ | | | | |
| १३. | लिम्बू | १.३७ | ५० | ०.५६ | | | | |
| १४. | शेर्पा | ०.६५ | ५० | ०.५६ | | | | |
| १५. | उर्दू | १.०९ | ५० | ०.५६ | | | | |
| १६. | संस्कृत | | ३५ | ०.३८ | | | | |
| १७. | अंग्रेजी | ०.०१ | १७५ | १.९४ | | | | |
| १८. | हिन्दी | ०.९२ | ३५ | ०.३८ | | | | |
| १९ | डोटेल | | ५० | ०.५६ | | | | |
| २० | अन्य | ४.४१ | | | | | | |
| जम्मा | | १०० | ९००० | १०० | ५,२८० | १०० | ४२०० | १०० |

*नोटः जनसंख्याको प्रतिशत १९९१ को जनगणनाका आधारमा।*

उक्त भाषाका कार्यक्रममध्ये रेडियो नेपालले मूलतः तीन प्रकारको प्रसारणनीति अपनाएको छ। नेपाली, अंग्रेजी, संस्कृत, नेवार र हिन्दी भाषाका कार्यक्रम राष्ट्रिय भाषाका प्रसारणबाट प्रसारण हुन्छ। ती कार्यक्रम रेडियो नेपालको जुनसुकै बैन्डमा पनि सुन्न सकिन्छ। तर शेर्पा, उर्दू सर्टवेभ बैण्डमा र अन्य भाषाका कार्यक्रम क्षेत्रीय प्रसारणअन्तर्गत मिडियमवेभमा मात्र सुन्न सकिन्छ। यहाँ उल्लेखनीय के छ भने क्षेत्रीय भाषाका कार्यक्रमहरु प्रसारित हुँदा अन्य बैन्डमा छुट्टै नेपाली कार्यक्रम प्रसारित हुन्छ। यसबाट नेपालीभाषीले छनौटका आधारमा कार्यक्रम सुन्न पाउँछन् तर अन्य भाषीका स्रोताले यस्तो मौका पाउँदैनन्।

नेपालको जनसंख्याको १ प्रतिशत राष्ट्रिय भाषा बोल्नेहरुका लागि रेडियो समाचार र कार्यक्रम उत्पादन गर्ने नीतिबाट माथि उल्लिखित १९ भाषाका कार्यक्रम प्रसारण गरिँदै आएको हो। तर नेपालको जनसंख्यामध्ये एकजना पनि मातृभाषा नरहेको संस्कृत भाषामा पनि समाचार प्रसारण हुनु भने अनौठो कुरो हो।

त्यसरी नै उपत्यकाभित्र प्रसारण क्षमता भएका रेडियो एफ.एम.हरुले पनि जनसंख्याका आधारमा कार्यक्रम बनाएको पाइएन। उपत्यकामा मातृभाषाका आधारमा नेपाली ४८.२४%, नेवारी ४१.८०%, तामाङ ७.०३% जनसंख्या रहेको तथ्यलाई ध्यान दिइएको पाइएन। रेडियो सगरमाथाबाट तामाङ भाषामा कार्यक्रम प्रसारण हुँदै आएकोमा हाल बन्द रहेको छ।

एकातिर मातृभाषाको दृष्टिकोणले रेडियो कार्यक्रमहरु समानुपातिक किसिमले प्रसारण हुन सकेका छैनन् भने अर्कातिर मातृभाषाबाट प्रसारण हुने कार्यक्रमहरु ती भाषाभाषी रहेका क्षेत्रमा प्रसारण-क्षमताले धान्न सकेको पाईदैन।

राष्ट्रिय भाषाका कार्यक्रमहरु प्रायः गरेर क्षेत्रीय प्रसारणबाट प्रसारण गरिँदै आएको छ। ती कार्यक्रमहरु अधिराज्यभरका भाषीहरुले सुन्ने कुरै आएन।

रेडियो नेपालद्वारा १९९७ मा ल्यतबष्भि ब्थभ :बगलन समेतको टोलीले गरेको श्रोता सर्वेक्षण प्रतिवेदनअनुसार निम्नानुसारका क्षेत्रीय प्रसारण सम्बन्धित श्रोताको पहुँचसम्म पुग्न सकेको छ।

तालिका ७.३: सर्वेक्षणको प्रतिवेदन

| क्षेत्रीय कार्यक्रम | भाषाभाषीहरुले सुन्न सक्ने प्रतिशत | नसुन्ने जनसंख्याको प्रतिशत | जम्मा |
|---|---|---|---|
| लिम्बू (धनकुटा) | ८० | २० | १०० |
| थारु पूर्विया/पश्चिम | ७८ | २२ | १०० |
| राई बान्तवा | ६९ | ३१ | १०० |
| गुरुङ (पोखरा) | ६२ | ३८ | १०० |
| तामाङ (काठमाडौँ) | ५४ | ४६ | १०० |
| मगर (पोखरा) | ४५ | ५५ | १०० |
| अवधी (सुर्खेत) | ३० | ७० | १०० |
| भोजपुरी (काठमाडौँ) | २५ | ७५ | १०० |

*स्रोतः Radio Ownership and Listening in Nepal: A National Study (1997)*

मातृभाषीहरुका लागि प्रसारण गरिएका कार्यक्रमहरु सम्बन्धित भाषीहरुको पहुँचसम्म नपुग्नाका कारण क्षेत्रीय प्रसारणको कम क्षमता हो। उक्त प्रतिवेदनमा उल्लेख भएअनुसार ६९% अवधी भाषीहरु कपिलवस्तु जिल्लामा बसोबास गर्दछन्। उनीहरु सुर्खेत र पोखराबाट उत्पादित कार्यक्रम सुन्न सक्दैनन्। जब कि अवधी भाषाको कार्यक्रम सुर्खेतबाट मात्र प्रसारण हुन्छ। यसबाट लगभग ७० प्रतिशत श्रोताहरु बञ्चित छन्।

त्यस्तै भोजपुरी भाषाको कार्यक्रम काठमाडौँ क्षेत्रीय प्रसारणबाट प्रसारित हुन्छ। तर भोजपुरी भाषीहरुमध्ये २५ प्रतिशतले मात्र उक्त कार्यक्रम सुन्न सक्छन्। भोजपुरी भाषीहरुको प्रमुख थलो बारा र पर्सा हो जहाँ ४६ प्रतिशत बसोबास गर्दछन्। महोत्तरीमा स्टेसन राखिएमा भोजपुरी भाषीहरुले सुन्न सक्ने उक्त प्रतिवेदनको राय छ।

राष्ट्रिय भाषाको कार्यक्रम

रेडियो नेपाल कार्यक्रमको दृष्टिकोणले राष्टिय भाषामा कुनै विविधता छैन। राष्ट्रिय प्रसारणबाट प्रसारण हुने नेपाली समाचारलाई राष्ट्रिय भाषामा अनुवाद गर्न र साप्ताहिक बढीमा १५ मिनेटको छुट्टै कार्यक्रम प्रसारण गर्न नै राष्ट्रिय भाषाको कार्यक्रम बनेको छ।

रेडियो नेपालको धनकुटा क्षेत्रीय प्रसारणबाट राई बान्तवा भाषा, पूर्वेली थारु र लिम्बू भाषामा प्रतिदिन बढीमा ५ मिनेटको समाचार र प्रतिहप्ता १५/१५ मिनेटको भाषा, संस्कृति, कला, पेसा, जीवनशैली, रहनसहन आदि विषयवस्तु समेटिएको कार्यक्रम प्रसारण गर्ने गरेको रेडियो नेपालका कार्यक्रम शाखाका उपनिर्देशक पाण्डव सुनुवार बताउनु हुन्छ।

काठमाडौँ क्षेत्रीय प्रसारणबाट ५ मिनेटको तामाङ समाचार र प्रत्येक विहीवार तामाङ भाषामा १५ मिनेटको 'स्याल्गार' नामक सांगीतिक कार्यक्रम, ५ मिनेटको भोजपुरी समाचार र साप्ताहिक रुपमा १५/१५ मिनेटको भोजपुरी र मैथिली कार्यक्रम प्रसारण हुने गरेको छ।

शुक्रवार भोजपुरी भाषामा 'संगम' र शनिवार 'गायक दलान' नामक कार्यक्रम मैथिली भाषामा प्रसारण हुने गर्दछ। त्यसै गरी क्षेत्रीय प्रसारण पोखराबाट गुरुङ र मगर भाषाको समाचारका अतिरिक्त १५/१५ मिनेटको छुट्टै कार्यक्रम र क्षेत्रीय प्रसारण सुर्खेतबाट पश्चिमे थारु र अवधी भाषामा समाचारका अतिरिक्त थारु भाषामा 'हमरा पहुरा' र अवधि भाषामा 'दुवारे मुहारे' प्रसारित हुने गर्दछ।

क्षेत्रीय प्रसारण केन्द्र दिपायलबाट समाचार त प्रसारित हुँदैन तर यस केन्द्रबाट प्रत्येक आइतवार अन्य स्टेसनबाट प्रसारित हुने कार्यक्रम ३० मिनेट संचालन हुन्छ।

एफ.एम.का राष्ट्रिय भाषाहरु

रेडियो सगरमाथाः काठमाडौं उपत्यकाभित्र सुन्न सकिने रेडियो सगरमाथाले राष्ट्रिय भाषामध्ये नेपाल भाषाको कार्यक्रम मात्र समेट्न सकेको छ। रेडियो सगरमाथाका कार्यक्रम उत्पादक घमराज लुइँटेलका अनुसार नेपाल भाषाको कार्यक्रम प्रत्येक दिन १घण्टा ५ मिनेट प्रसारण हुन्छ। दिउँसो ११ बजेदेखि १२ बजेसम्म प्रसारण हुने मुनासः मूलतः सांगीतिक कार्यक्रम हो भने साँझ ७.३० देखि ७.३५ बजेसम्म प्रसारण हुने नेपाल भाषा हालचाल समाचारमूलक कार्यक्रम हो। अन्य रेडियो कार्यक्रमभन्दा भिन्न कार्यक्रम प्रस्तुत गर्दै आएको रेडियो सगरमाथाले चाँडै नै तामाङ भाषाको कार्यक्रम संचालन गर्ने पनि लुइँटेल बताउनु हुन्छ।

मेट्रो एफ.एम.ः काठमाडौं महानगरपालिकाको प्रयासमा स्थापित मेट्रो एफ.एम. अर्को निजी रेडियो प्रसारण हो। हप्तामा ७० घण्टा प्रसारण गर्दै आएको एफ.एम. (१०६.७)ले नेपाल भाषा र तामाङ भाषामा रेडियो कार्यक्रम प्रत्येक दिन प्रसारण गर्ने गर्दछ। प्रत्येक दिन ७.४५ देखि ८.४५ सम्म १ घण्टा विविध कार्यक्रम प्रसारित हुन्छन्। त्यसरी नै स्वनियगः दुने महानगरको समाचार बुलेटिन, ८.१० देखि ९ बजेसम्म ५० मिनेटको विविध कार्यक्रम प्रसारण गर्ने गरेको अध्ययनको क्रममा पाइएको छ। मेट्रो एफ.एम.का हरि श्रेष्ठ र कार्यक्रम संचालक विक्रम शाक्यका अनुसार रेडियो मेट्रोद्वारा कार्यक्रमको विविधीकरणमा जोड दिइएको छ।

तामाङ भाषाको कार्यक्रम पनि मेट्रो एफ.एम.ले प्रसारण गर्दछ। तामाङको कार्यक्रम संचालिका इन्दिरा थिङ (तामाङ)का अनुसार प्रत्येक आइतवार तामाङ व्यक्तित्वसँग कुराकानी, सोमवार तामाङ गाउँ-घरको परिचय र धर्म-संस्कृतिसम्बन्धी सामग्री, मंगलवार सीप, पेसा, बुधवार मेट्रो क्वीज अन्तर्गत महानगरपालिकाका गतिविधि, बिहीवार तामाङ साहित्य र शुक्रवार चिट्ठी-पत्र, शनिवार फोन इन संचालन हुन्छ। संचालिका इन्दिराका अनुसार तामाङ समाजलाई सामान्य सूचना तिनै कार्यक्रम अन्तर्गत प्रस्तुत गर्ने गरिएको भएपनि त्यसको कुनै सीमा भने राखिएको छैन।

उपर्युक्त बाहेक अन्य समय नेपाली भाषामा नै कार्यक्रम प्रसारण हुँदै आएको पाइएको छ। जसअनुसार रेडियो नेपालले ९०.३५ प्रतिशत, रेडियो सगरमाथाले ९२.२६ प्रतिशत र मेट्रो एफ.एम.ले ६६.६७ प्रतिशत नेपाली भाषामा कार्यक्रम प्रसारण गर्दछन्।

२. रेडियोमा जनजातिको धर्मः धर्मको दृष्टिकोणले पनि नेपाली समाजमा विविधता रहेको छ। नेपालमा ८६.०० प्रतिशत हिन्दू, ७.८ प्रतिशत बौद्ध, ३.४ प्रतिशत मुसलमान, १.७ प्रतिशत किराती लगायत अन्य ०.२५ प्रतिशत धर्मावलम्बी रहेका छन्। तथापि यो तथ्याङ्कमा विविध आशङ्का गरेर मिथ्याङ्को उपमा दिने पनि गरिन्छ। यसबाहेक हिन्दू, बौद्ध धर्ममा पनि अनेक सम्प्रदाय छन्। बहुजातीय मुलुकमा बहुधार्मिक समाज रहनु कुनै अनौठो होइन। यसबारे अनुसन्धान गरिरहनु भएका गोविन्द न्यौपानेले आफ्नो पुस्तक *नेपालको जातीय प्रश्नमा* उल्लेख गर्नु भएअनुसार 'मनुवादी समाजलाई हिन्दूकरण गर्नमा रेडियो नेपालको एक घण्टा लामो धार्मिक कार्यक्रमले बलियो मात्र बनाएन इतिहासलाई आफ्नो अनुकूल बनाई सामाजिक सम्मान र प्रभाव बढाउन पनि मद्दत गऱ्यो।' रेडियोबाट प्रसारित धार्मिक कार्यक्रमबारे यसरी नकारात्मक टिप्पणी भएको पृष्ठभूमिमा जनजातिहरुको धर्मसम्बन्धी कार्यक्रमको खोजीनीति गर्नु एक अप्ठ्यारो शृङ्खला नै हो।

अध्ययन गरिएका सबै रेडियो स्टेसनले धार्मिक कार्यक्रम प्रसारण गर्ने गर्दछन्। रेडियो नेपालले हाल दैनिक ४० मिनेटको धार्मिक कार्यक्रम संचालन गरिरहेको छ। ०५६।१२।२० गते अगाडि लगभग १ घण्टाको धार्मिक कार्यक्रम संचालन गर्ने गरिएको थियो। त्यसरी नै रेडियो सगरमाथाले दैनिक ३० मिनेट, मेट्रो एफ.एम.ले दैनिक ३० मिनेटको कार्यक्रम संचालन गर्ने गर्दछ। तीमध्ये रेडियो नेपालले प्रत्येक शुक्रवार ३५ मिनेट बौद्ध प्रवचन र मेट्रो एफ.एम.ले प्रत्येक दिन १५ मिनेटको बौद्ध प्रवचन बाहेक अन्य कार्यक्रम हिन्दू धर्मसम्बन्धी नै प्रसारण हुँदै आएको छ। रेडियो नेपालमा ईसाइ, मुस्लिम धर्म प्रतिबन्धित रहेको र अन्य रेडियो स्टेसनमा अन्य धर्मको सामग्री उपलब्ध नहुने भएकाले प्रसारण नगरेको जानकारी पाइयो।

हाल प्रसारण गर्दै आएको धार्मिक कार्यक्रमको तालिका यसप्रकार छः

तालिका ७.४: धर्मका हिसाबले रेडियो कार्यक्रम

| सि.नं. | धार्मिक समुदाय | जनसंख्याको प्रतिशत | रेडियो नेपाल (साप्ताहिक) | | रेडियो सगरमाथा (साप्ताहिक) | | मेट्रो एफ.एम. (साप्ताहिक) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | समय मि. | प्रतिशत | समय मि | प्रतिशत | समय मि. | प्रतिशत |
| १. | हिन्दू | ८६.५ | २४५ | ८७.५ | २१० | १०० | १०५ | ५० |
| २. | बौद्ध | ७.८ | ३५ | १२.५ | - | - | १०५ | ५० |
| ३. | मुसलमान | ३.५ | - | - | - | - | - | - |
| ४. | किरात | १.७ | - | - | - | - | - | - |
| ५. | अन्य | - | - | - | - | - | - | - |
| | जम्मा | १०० | २८० | १०० | २१० | १०० | २१० | १०० |

तालिका ७.४ बमोजिम बुद्धधर्मप्रति समानताको दृष्टिकोण अपनाएर कार्यक्रम प्रस्तुत गर्ने गरेको देखिए तापनि बुद्ध धर्मलाई हिन्दूधर्मको शाखाका रुपमा मानेर स्थान दिने गरेको केहीको

विचार रहेको छ।

धर्मसम्बन्धी रेडियो प्रसारण केवल प्रवचन र भजन सुनाएर मात्र रेडियो पत्रकारिताको कर्तव्य पूरा हुँदैन। धार्मिक गतिविधि र यससँग गरिएका थुप्रै प्रसङ्गहरु यससँग सम्बन्धित छन्। यस्तो गतिविधिलाई रेडियो सगरमाथाले स्थान दिने नगरेको धारणा कार्यक्रम उत्पादक घमराज लुइँटेलको छ। उहाँ भन्नुहुन्छ–धर्मजस्तो संवेदनशील विषयमा रेडियो सगरमाथा विवादमा पर्न चाहँदैन। तर रेडियो नेपालका वरिष्ठ समाचार सम्पादक ध्रुव थापा रेडियो नेपालले सबै धर्मलाई समानताको आधारमा स्थान दिएको दाबी गर्नु हुन्छ। धार्मिक कार्यक्रमको अलावा समाचारबाट पनि धर्मसम्बन्धी सूचना प्रवाह हुने गरेको उहाँको तर्क छ। यसको उदाहरण केही दिन अगाडि काठमाडौँमा सम्पन्न किरात धर्मको अन्तर्राष्ट्रिय सम्मेलनको प्रत्यक्ष प्रसारणलाई लिनु हुन्छ। थापाको भनाइ छ– कसैप्रति गालीगलौज रेडियोले प्रसारण गर्दैन तर विशुद्ध गतिविधि प्रसारण गर्न रेडियो नेपाललाई कुनै अप्ठ्यारो छैन।

मेट्रो एफ.एम.का स्टेसन मेनेजर हरि श्रेष्ठ भने त्यस प्रकारको सामग्री प्राप्त भए प्रसारण गर्ने दाबी गर्नु हुन्छ।

३. रेडियोमा जनजातिको संस्कृति र साहित्यः संस्कृति सामाजिक कानून, विचार र मूल्य होस समाजलाई नैतिकवान् बनाउने विश्वासलाई जीवन्त बनाइरहने र समाजका सबै हिस्साले लिने ज्ञान पनि हो। नेपाली समाज बहुसांस्कृतिक समाज हो। हाम्रो देशमा विभिन्न जातजातिहरु आफ्नो संस्कृतिलाई संरक्षण गर्न निरन्तर प्रयत्नशील हुँदै आएका छन्। सांस्कृतिक विविधताबीच एकता कायम गर्ने नेपाली समाजको विशिष्ट पहिचानलाई मिच्ने विगतको हिन्दूकरणको प्रभावका विरुद्ध आदिवासी/जनजाति राज्यसत्तासँग असन्तोष व्यक्त गरिरहेका छन्।

यसरी नै कुनै कालमा विकसित र साहित्यिक लेखनको तहमा पुगिसकेको जनजातिको साहित्य पनि अहिले संरक्षणको अवस्थामा नै छ। विभिन्न जातिहरुको लोकसाहित्य, साहित्यिक अभिव्यक्ति पक्कै पनि राष्ट्रको अमूल्य सम्पत्ति हो। यी साहित्य, संस्कृतिलाई संरक्षण गर्न रेडियो प्रसारणले सहयोग गर्नु कर्तव्य नै हो।

हाम्रो अध्ययनका क्रममा रेडियो नेपाल, रेडियो सगरमाथा, मेट्रो एफ.एम.ले साहित्य, संस्कृतिसम्बन्धी निम्नबमोजिम कार्यक्रम संचालन गर्दै आएका छन्:

तालिका ७.५: रेडियोमा जनजातिको संस्कृति र साहित्य

| सि.नं. | रेडियो नेपाल | | रेडियो सगरमाथा | | मेट्रो एफ.एम. | |
|---|---|---|---|---|---|---|
| १. | हाम्रो परम्परा हाम्रो संस्कृति (साप्ताहिक) | १५ मिनेट | – | – | साहित्य र सृजना (साप्ताहिक) | ३३० मि. |
| २. | साहित्य संसार (पाक्षिक) | १५ मिनेट | भाषा, साहित्य कला, संस्कृति डबली | ३० मिनेट (प्रतिहप्ता) | साहित्यिक पत्रिका (साप्ताहिक) | ६६० मि. |

(क) रेडियो नेपाल 'हाम्रो संस्कृति हाम्रो परम्परा' कार्यक्रमका संयोजक बमबहादुर थापा 'जिताली'ले बताउनु भएअनुसार यो कार्यक्रम हाल हप्तामा एक दिन र तीन महिना अगाडि हप्ताको दुइ दिन सञ्चालन हुँदै आएको थियो। उक्त कार्यक्रममा लोकसंस्कृति ५० प्रतिशत, लोकपरम्परा १० प्रतिशत, मूर्तिकला १० प्रतिशत, वास्तुकला १० प्रतिशत र विविध २० प्रतिशत प्रसारण हुने गर्दछ।

(ख) नेपाली साहित्यका विविध पक्षबारे जानकारी दिने 'साहित्य संसार'ले नेपाली भाषाका साहित्यको मात्र प्रसारण गर्ने गर्दछ। साहित्य संसार कार्यक्रमका संचालक रमेश पौडेलका अुनसार राष्ट्रिय भाषामा लेखिएका साहित्यलाई यो कार्यक्रमले समेट्न सकेको छैन। नेपालभित्र बोलिने राष्ट्रिय भाषा (मैथिली, लिम्बू, राई, भोजपुरी, अवधी) का साहित्यलाई नेपाली साहित्यको मान्यता नदिइनुको पछाडि भाषिक क्षमता भएका जनशक्ति रेडियो नेपालसँग नभएको कुरा कार्यक्रम संचालक पौडेल बताउनु हुन्छ।

(ग) रेडियो सगरमाथाबाट हप्तामा एक दिन प्रसारण हुने भाषा, साहित्य, कला, संस्कृति डबली पनि त्यति प्रभावकारी भएको छैन। रेडियोका कार्यक्रम उत्पादक घमराज लुइँटेलका अनुसार यो डबली मूलतः नेपाली भाषा, साहित्य र कलाप्रति समर्पित छ। जनजाति प्रति लक्षित भएर यस कार्यक्रमबाट कुनै कार्यक्रम बनेको छैन।

(घ) त्यसरी नै मेट्रो एफ.एम.बाट प्रसारित साहित्यिक सृजना र साहित्यिक पत्रिका कार्यक्रमले बहुजातीय देशको प्रतिनिधित्व गर्न सक्दैन। नेवारी भाषामा प्रसारित कार्यक्रमबाट नेवारी संस्कृति र तामाङ भाषाबाट प्रसारित कार्यक्रमबाट तामाङ संस्कृति बारे कार्यक्रम निर्माण हुने भएकाले यी कार्यक्रमहरु मूलतः नेपाली भाषाप्रति नै समर्पित रहेको रेडियो संचालकहरुको भनाइ छ।

### जनजातिहरुलाई हिन्दूकरण गर्ने केही नमूना

रेडियो कार्यक्रमहरुमा जनजातिको संस्कृतिसम्बन्धी खोज, अनुसन्धान गरिएका सामग्री प्रसारण गर्नेतर्फ कमै ध्यान दिइएको पाइएको छ। अध्ययनका क्रममा रेडियोबाट प्रसारित कार्यक्रम जनजातिको संस्कृति भनिए पनि त्यसलाई हिन्दूकरण गर्ने प्रयास भएको आरोप जनजाति समुदायले लगाएको सन्दर्भ केही हदसम्म सत्य भएको प्रमाणित हुन्छ।

उदाहरणका लागि २०५७ दशैंको अवसरमा प्रसारित यमबहादुर दुराद्वारा लिखित र रेडियो संचालकद्वारा वाचित 'बडादशैं र हाम्रो दायित्व' विषयक लेखलाई लिन सकिन्छ। प्रसारित कार्यक्रममा लेखक लेख्छन्– 'हिन्दू धर्मावलम्बीहरुको महान् चाड बडादशैंको चहलपहल हाम्रो घर आँगनमा सुरु भइसकेको छ।' यहाँ आपत्तिजनक विषय के छ भने एक जना जनजाति लेखकले 'हाम्रो घर आँगनमा' दशैं चाड आएको छ भन्ने वाक्यांश प्रयोग गरेबाट दशैं जनजातिहरुको हो भन्ने बुझिन्छ। एकातिर दशैंलाई 'हिन्दू धर्मालम्बीहरुको' भन्ने र अर्कोतिर 'हाम्रो घर आँगन' (जनजातिहरुको) भन्ने वाक्य प्रयोग गरिदिँदा जनजातिहरु पनि हिन्दू र उनीहरु पनि दशैं चाड मनाउन लागेको सन्देश दिन्छ।

करिब १५ मिनेट लामो लेखमा भनिएको छ–बडादशैं मूलतः हिन्दूहरुको चाड भए पनि

अन्य धर्म र सम्प्रदायका मानिसले पनि यस चाडलाई धूमधाम सहित मनाउँछन्।' यो भ्रमपूर्ण सन्देश हो। २०४७ को परिवर्तनपछि जनजातिहरुले दशैँलाई बहिष्कार गर्दै आएका छन् र दशैँ जनजातिहरुको चाड हैन भन्ने भनाइ राख्दै आएका छन्।

यमबहादुर दुरा सोही लेखमा लेख्छन्– 'दशैँ बहिष्कार गर्ने जस्ता गलत प्रक्रियाले मान्यता पाउन थाले भने समाज पथभ्रष्ट हुन सक्छ।'

यहाँनेर स्मरणीय के छ भने कुनै हिन्दूवादी लेखकको लेख कार्यक्रममा वाचन गरिएको भए त्यसलाई त्यही सन्दर्भमा हेर्नु पर्दथ्यो तर सांस्कृतिक उत्पीडनको कलमबाट लेखिएको लेखलाई पटक-पटक प्रसारण गर्नु केवल संस्कृतिको प्रचार गर्ने उद्देश्य मात्र हैन भन्न सजिलो परेको छ।

सोही कार्यक्रममा प्रसारित केशव भट्टराईद्वारा रचित, 'ऋषि-महर्षिहरुले रचेको धर्मग्रन्थ' विषयक लेख पनि यस प्रसङ्गमा सान्दर्भिक हुन्छ। लेखक लेख्छन्– ''हिन्दू धर्मग्रन्थ समाजका प्रत्यक्ष देवता हुन्। घरपरिवारले हेला गर्दा, भोक-प्यासले खानेकुरा खोज्दा, चारैतिर निराश हुँदा कोठाको दराजमा राखिएको शुभ सात्त्विक सोचविचारले लेखिएको धार्मिक ग्रन्थ निकालौँ।'' यहाँ हिन्दूधर्मको ग्रन्थ अध्ययनबाट नै सम्पूर्ण समस्या समाधान हुने सन्देश दिन खोजिएको छ।

०५०।६।२३ मा प्रसारित बलराम खनालद्वारा लिखित चाँगुनारायण मन्दिरको विवेचना पनि त्यस्तै खाले प्रसारित सामग्री हो। सो प्रसारणमा 'चाँगुनारायण मन्दिर हिन्दूहरुको पवित्र धार्मिक स्थल हो' भनिएको छ। चाँगुनारायण हिन्दूहरुको धार्मिकस्थल होला। त्यो बेग्लै कुरा हो तर सो प्रसारित सामग्रीमा के भनिएको छ भने सो मन्दिरको वरिपरि विभिन्न जातिका वासस्थान रहेका छन् भनिएको छ। यसले के सन्देश दिन्छ भने विभिन्न जातिका मानिसहरु पनि हिन्दू नै हुन्। त्यस्तै यो मन्दिरमा बिस्केट जात्रापछि यहाँ रथयात्रा गरिन्छ भनेर उल्लेख छ। बिस्केट जात्रा नेवारहरुले मनाउने गर्दछन्। यहाँ सम्पूर्ण नेवार जाति हिन्दू हुन् भन्न खोजिएको छ।

त्यसरी नै ०५४।१०।३ मा प्रसारित कार्यक्रममा यस्तो भनिएको छ– नेपाल सानै भएपनि स्वतन्त्र हिन्दू अधिराज्य, शान्तिप्रिय देश हो। चार जात, छत्तीस वर्णका फूलहरु आ-आफ्नै संस्कृतिमा रम्छन् र रमाउँछन्। उनीहरुका चाडपर्व जनैपूर्णिमा, श्रीकृष्णाष्टमी , तीज, दशैँ, तिहार, महाशिवरात्री, श्रीपञ्चमी आदि हुन्। .....नेपाल चार जात, छत्तीस वर्णको फूलवारी त हो तर उनीहरुको चाड जनैपूर्णिमा, तीज, श्रीकृष्णाष्टमी होइन।

यति हुँदाहुँदै पनि अध्ययनक्रममा फेला परेका पूर्वाञ्चलका किरात साकेला गीत ( ०५१।१।६ मा प्रसारित) पूर्वाञ्चलका लोकबाजाहरु (लेखक बुलु मुकारुङ) आदि प्रसारित सामग्रीहरु सन्तुलित छन्।

रेडियो नेपालको तुलनामा काठमाडौँमा सीमित स्रोत र साधन भएको मेट्रो एफ.एम. र रेडियो सगरमाथा जनजाति संस्कृति र साहित्यसम्बन्धी सामग्रीहरुमा बढी गम्भीर भएको पाइन्छ।

४. रेडियोमा जनजातिहरुको सूचना-प्रवाहः सबै वर्ग र सर्वसुलभ उपलब्ध हुने संचारमाध्यम रेडियो प्रसारणको सूचना-प्रवाह समानुपातिक हुने अपेक्षा राखिनु स्वाभाविक हो। रेडियो नेपालबाट प्रत्येक दिन लगभग ३ घण्टा विभिन्न भाषामा प्रसारित हुने रेडियो समाचार , रेडियो सगरमाथा र मेट्रो एवं अन्य एफ.एम.बाट प्रसारित हुने रेडियो समाचारमा जनजातिका गतिविधिबारे समाचार कति प्रसारित हुन्छन्? यो एक खोजको विषय हो। हाम्रो अध्ययनमा थोरै प्रतिशत समाचारको विषय बन्ने गरेको पाइएको छ।

रेडियो नेपालले समाचार प्रसारणमा निम्न प्राथमिकताक्रम तोकेको छः

श्री ५ महाराजाधिराज -१

प्रधानमन्त्री, मन्त्री, सांसद-२

विकास, निर्माण-३

प्रवृत्ति विवाद-४

राजनीतिक दल, घटना-५

विदेशी घटना-६

अन्य

उक्त प्राथमिकता क्रमअनुसार जनजाति धार्मिक समुदायको समाचार प्राथमिकता क्रममा नपर्ने प्रस्ट छ। त्यसरी नै एफ.एम. स्टेसनहरुले तत्काल घट्ने घटनाबारे छिटो सूचित गर्ने प्रकारका सूचना प्रवाह गर्ने भएकाले एफ.एम.हरुबाट जनजाति सूचना प्रवाह हुने कुरै भएन। फेरि समाचारको प्रमुख स्रोत रेडियो नेपाल नै हो। अधिकांश निजी रेडियो स्टेसनहरुले रेडियो नेपालकै समाचार रिले गरी प्रसारण गर्दछन्। रेडियो नेपालका वरिष्ठ समाचार सम्पादक ध्रुव थापा सरदर १५ प्रतिशत जनजाति समाचार प्रसारण गर्ने दाबी गर्नु हुन्छ। तर २०५७।८।१५ देखि २२ गतेसम्मको समाचारको रेकर्ड सुन्दा त्यस्तो समाचार पाइएन। यससम्बन्धी ध्यानाकर्षण गराउँदा थापाको कथन थियो–त्यस समयावधिमा जनजातिसम्बन्धी समाचार योग्य कुनै घटना नै भएनन् होला।

उहाँ व्यक्तिगत गाली-गलौज, आक्षेप वा अर्को सम्प्रदायप्रति लाञ्छना लगाइएको समाचार बाहेक सबै प्रकारको जनजाति, धर्म समुदायको समाचारलाई स्थान दिने गरेको दाबी गर्नुहुन्छ। अध्ययन अवधिमा तामाङ भाषा (क्षेत्रीय प्रसारण) र मेट्रो एफ.एम.बाट ८ वटा जनजातिका समाचारहरु ७ दिनमा प्रसारण गरेको पाइयो। जुन रेडियो नेपालको समाचारले दिँदै दिएन। ती समाचारहरुमा फ्याफुल्ला पुरस्कार, मगरहरुको जनगणनासम्बन्धी गोष्ठी, ल्होसार कार्यक्रम, तमु विद्यार्थी भेला आदि छन्।

५. जनजातिका गीत, संगीतः जातिलाई पहिचान गराउन सो जातिको गीत, संगीतले महत्वपूर्ण योगदान दिएको हुन्छ। जातिको सभ्यता, संस्कृति र इतिहास गीतमा प्रतिविम्बित हुन्छ। लोकभाका, लोकलय र संगीतहरु कति लिखित छन्, कति अलिखित छन्। रेडियोले ती गीत, संगीतलाई रेकर्ड गरेर संरक्षण गर्ने काम गर्न सक्छ। यो काम रेडियो नेपालले २०४७ सालदेखि नै योजनाबद्ध रुपमा थालनी गरेको छ। हालसम्म रेडियोमा निम्न रेकर्डहरु छन्:

तालिका ७.६: रेडियो नेपालमा भएका गीतका रेकर्डहरु

| गीतको प्रकार | संख्या |
|---|---|
| भाषाभाषीका गीत | ८४० वटा |
| लोकगीत | ६५४८ वटा |
| आधुनिक गीत | ७३७६ वटा |
| भजन | २५६७ वटा |

| | |
|---|---|
| चलचित्र | १२३३ वटा |
| अन्य | ३५८४ |
| जम्मा | २२,१४८ वटा |

यी गीतहरु विभिन्न प्रकारका कार्यक्रम मार्फत प्रसारित हुने गर्दछन्। तर भाषाभाषीका गीत भने राष्ट्रिय प्रसारणमा फूलबारी कार्यक्रममा प्रत्येक शुक्रवार (३० मिनेट) र क्षेत्रीय प्रसारण एवं एफ.एम. स्टेसनमा सम्बन्धित भाषाको कार्यक्रममा प्रसारण हुने गर्दछन्।

जनजातिविरोधी केही लोकगीतहरु

रेडियो कार्यक्रममा केही जनजाति समुदायको स्वाभिमान र पहिचान विरोधी गीतहरु पनि छन्। ती गीतहरु बजाउन नहुने सुझाव सम्बन्धित जनजाति समुदायले पटक-पटक दिँदा पनि रेडियोले कुनै सुनवाइ नगरेको उदाहरण पाइन्छ। जस्तोः

*'कस्ले दियो नेप्टीलाई लाइटर.......'*

*'डल्ली मगर्नीलाई.....'*

*'हेलम्बूकी शेर्पेनी, रुम्जाटारे गुरुङसेनी*

*थाक खोलाकी थकालनी, सिन्धुपाल्चोककी तामाङनी*

*सातै गाउँमा म घुमी पाइन राम्री तरुनी...* आदि, इत्यादि।

उक्त गीतले जनजातिको पहिचान र स्वाभिमानमा चोट पुऱ्याएको भनाइ जनजातिहरुले राख्दै आएका छन्। जस्तो 'नेप्टी' भन्ने उपमा जनजाति समुदायप्रति लक्षित छ। प्रेम-प्रणयकै सन्दर्भमा उक्त गीत गाइएको भए पनि उपमा दिनलाई नाक, आँखालाई सौन्दर्यको उपमा दिनुलाई जायज भन्न सकिन्न। त्यस्तै 'डल्ली मगर्नी' गीत छ। डल्ली त अरु जातका पनि हुन सक्छन् तर मगर्नी नै किन भन्ने प्रश्न उठ्न सक्छ। तेस्रो गीतमा एक जना गायकले आफ्नो प्रणयकथा बनाएर सात जनजातिका महिला छान्दा पनि सुन्दरी फेला नपरेको उदाहरण दिएका छन्। तर ती जनजाति समुदाय बाहिर किन गएनन्? प्रश्न उठ्न सक्छ। त्यसैले यस्तो गीतले साम्प्रदायिक सद्भाव कायम गर्छ भन्न सकिन्न। यसमा रमाइलो के छ भने यस प्रकारको गीतका गायक जनजाति इतरका व्यक्ति छन्। त्यति हुँदा हुँदै पनि रेडियोले गीत, संगीतको संरक्षणका लागि पुऱ्याउँदै आएको योगदानलाई बिर्सन हुन्न।

६. रेडियोमा जनजातिका अन्य एजेन्डाहरुः नेपालका आदिवासी/जनजातिहरुले विभिन्न मुद्दामा समानुपातिक सहभागिताको अपेक्षा गरेका छन्। यो अपेक्षा परिपूर्ति गर्न संविधानको परिवर्तन गरेर मात्र जनजाति विरुद्ध भइरहेको राजनीतिक, सामाजिक, सांस्कृतिक भेदभाव समाप्त गर्न सकिने भनाइ जनजातिका प्रतिनिधिहरुको रहेको छ। यस मुद्दामा रेडियो पत्रकारिता मौन छ। तर जनजातिहरुले निम्न बुँदामा एजेन्डालाई प्रमुखताका साथ उठाएका छन्:

(१) राज्य धर्मनिरपेक्ष हुनु पर्ने।
(२) सांस्कृतिक, भाषिक, जनसांस्कृतिक वितरणका आधारमा स्वायत्त इकाइ वा प्रान्तको व्यवस्था।
(३) शिक्षा तथा विविध रोगजारीमा आरक्षण।
(४) सबै भाषालाई समानताको आधारमा व्यवस्था गर्नुपर्ने।

(५) प्राकृतिक भूमि, स्रोतका सम्बन्धमा उनीहरुको अग्राधिकार।
(६) देशको हरेक निकायमा समानुपातिक प्रवेशको सुलभता, आदि।

यी मुद्दाहरुबारे रेडियोले कहिले पनि बहस, छलफल गराउने वा मुद्दाको औचित्य वा अनौचित्य विषयमा सुसूचित गराउने प्रयत्न गरेको छैन। रेडियो प्रसारणको इतिहासमा नै यससम्बन्धी प्रसारण (फिचर, समाचार,) नपाउन सरकारी प्रसारण सम्बन्धी सरकारी हस्तक्षेप आफ्नै ठाउँमा होला तर आदिवासी/जनजातिहरुको नकारात्मक छवि प्रस्तुत गराउन पनि यी संचारमाध्यम उत्तिकै जिम्मेवार छन्।

रेडियो नेपालबाट प्रसारण हुने चिन्तनको चौतारी (हाल बन्द), घटना र विचार, परिवेश रेडियो संवाद, हाकाहाकी जस्ता कार्यक्रमले कुनै कार्यक्रम बनाएका छैनन्। सामुदायिक रेडियो प्रसारणको नाममा आएको रेडियो सगरमाथाले 'आजका कुरा' कार्यक्रममा एकदुई पटक छलफल गराएको बाहेक फेरि यस विषयलाई सम्झेको पाइएन। वि.सं. २०५४ श्रावण २८ मा उक्त कार्यक्रममा डा. कृष्णबहादुर भट्टचन, डा.चैतन्य सुब्बा र डिल्लीराम दाहाल सहभागी भएको सगरमाथा रेडियोले जनाएको छ। उता मेट्रो एफ.एम.ले भने नेपाल भाषा कार्यक्रम मार्फत विशेष गरेर भाषिक समानताका विषयमा छलफल गराएको पाइएको छ। सो रेडियोका संचालक धर्म मुनिकारले बताउनु भएअनुसार डा.मणिकलाल श्रेष्ठ, डा.केशवमान शाक्य, काशीनाथ तमोट, मंगलसिद्धि मानन्धर, राजेन्द्र श्रेष्ठ, पद्मरत्न तुलाधर आदिले जनजातिहरुको भाषा, धर्म एवं अन्य एजेन्डाहरुमा पर्याप्त बहसमा भाग लिइसकेका छन्। तर सो छलफल कार्यक्रम नेवारी भाषामा थियो। त्यस्तै तामाङ भाषाकी रेडियो
संचालिका इन्दिरा तामाङ थिङ पनि जनजातिका विविध विषयमा तामाङ व्यक्तित्वहरुद्वारा छलफल गराइएको दाबी गर्नु हुन्छ। उहाँका अनुसार–चन्द्रकुमार मोक्तान, सोमबहादुर घले, ध्यानबहादुर तामाङ मोक्तान, तिलकबहादुर नेगी तामाङ, डा.गणेश योञ्जन तामाङ, सांसद वीरबहादुर नेगी तामाङका धारणाहरु रेडियोमा प्रसारित भएका छन्।

उपर्युक्त अध्ययनका आधारमा रेडियो कार्यक्रम देशको जनसांख्यिक बनावटको आधारमा बनेको छैन। यसरी कार्यक्रम बन्न नसक्नु र बनाउने तत्परता नदेख्नुका निम्न कारण हुनसक्छन्:

(क) नीतिनिर्माणमा जनजातिहरुको पहुँच नहुनु: देशको नीति निर्माणमा आदिवासी जनजाति नपुगे झैं संचारमाध्यमको नीति-निर्माण मानिने संचारमन्त्रालयमा जनजातिहरुको प्रवेश नगण्य छ। पार्टीको घोषणापत्रबाट निर्वाचित राजनीतिक दलका सांसदहरु मन्त्री बन्ने र एक जातिविशेषको पकडमा रहेको प्रशासनिक संरचना प्रमुख कारण बन्यो। हालसम्ममा संचारमन्त्रालयको कार्यभार सम्हालेका व्यक्तिहरुको विवरण तालिका ७.७ मा देखाइएको छ:

तालिका ७.७: २०४६ देखिका संचारमन्त्रीहरु

| सि.नं. | संचारमन्त्री | दल | जाति | नियुक्त मिति |
|---|---|---|---|---|
| १. | योगप्रसाद उपाध्याय | नेका | बाहुन | ०४७।१।६ |

| | | | | |
|---|---|---|---|---|
| २ | बासुदेव रिसाल | नेका | बाहुन | ०४८।२।१५ |
| ३. | विजय गच्छेदार | नेका | मधेसी | २०५०।३।११ |
| ४. | प्रदीप नेपाल | एमाले | बाहुन | ०५१।८।१४ |
| ५. | शेरबहादुर देउवा | नेका | छेत्री | ०५२।५।२७ |
| ६. | चिरञ्जीवी वाग्ले | नेका | बाहुन | २०५२।६।६ |
| ७. | लोकेन्द्रबहादुर चन्द | राप्रपा | छेत्री/ठकुरी | ०५३।११।१२ |
| ८. | झलनाथ खनाल | एमाले | बाहुन | २०५३।१२।११ |
| ९. | सूर्यबहादुर थापा | राप्रपा | खस | २०५४।६।२१ |
| १०. | सर्वेन्द्रनाथ शुक्ला | राप्रपा | मधेसी | २०५४।६।२८ |
| ११ | महन्त ठाकुर | नेका | मधेसी | २०५४।१।८ |
| १२. | राधाकृष्ण मैनाली | एमाले | बाहुन | २०५५। ५।१० |
| १३ | जयप्रकाश गुप्ता | नेका | मधेसी | २०५५।९।१० |
| १४. | पूर्णबहादुर खड्का | नेका | खस | २०५६।३।१३ |
| १५. | जयप्रकाश गुप्ता | नेका | मधेसी | २०५७।१।६ |
| १६. | शिवराज जोशी | नेका | बाहुन | २०५७।१०।२५ |

यस तथ्याङ्कले संचारमन्त्री पदमा जनजातिहरु पुग्न नसकेको पुष्टि हुन्छ। २०४६ सालपछि नेकाँ, एमाले र राप्रपाले पटक-पटक संचारमन्त्रीको पद सम्हाले पनि ती व्यक्तिहरुमा खस, बाहुनहरुको बाहुल्यता भएबाट पनि यस्तो हुन सक्छ।

(ख) जनशक्तिको अभावः रेडियो प्रसारणमा जनजाति कार्यक्रम उत्पादन गर्ने दक्ष जनशक्तिको अभाव पनि अर्को समस्या हो। रेडियो सगरमाथा, मेट्रो एफ.एम.का व्यवस्थापन पक्ष रेडियो पत्रकारिताका क्षेत्रमा जनजातिहरुको प्रवेश नगन्य भएको तर्क पनि औंल्याउँछन्। भाषा, संस्कृति जस्ता विषयमा रेडियो कार्यक्रम निर्माण गर्न त्यस क्षेत्रका विज्ञहरुको आवश्यकता पर्ने भएकाले पनि यो तर्क प्रस्तुत गरिएको भनाइ छ। रेडियो पत्रकारसम्बन्धी अध्ययन गरिएका केही एफ.एम.स्टेसनहरुमा रहेको जातीय प्रतिनिधित्वलाई तालिका ७.८ मा देखाइएको छ।

तालिका ७.८: एफ.एम. स्टेसनमा सर्वेक्षण

| क्र.सं. | रेडियो स्टेसनको नाम | जम्मा संख्या | जनजाति संख्या (नेवार बाहेकका) | प्रतिशत | नेवार | प्रतिशत | महिला | प्रतिशत | दलित संख्या | दलित प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कान्तिपुर एफ. | ३९ | ३ | ७.७ | ७ | १७.९ | ११ | २८.२ | - | - |
| २. | एम. | ४९ | ४ | ८.२ | १० | २०.४ | ९ | १८.३ | - | - |
| ३. | सगरमाथा | ६१ | २ | ३.२ | ३६ | ५९.० | २१ | ३४.४ | | |
| ४. | एफ.एम. | २५ | ४ | १६..० | १२ | ४८.० | ८ | ३२ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | केएटीएच<br>एफ.एम.<br>मेट्रो एफ.एम. | | | | | | | | | |

सरकार नियन्त्रित रेडियो नेपालको समग्र जातीय प्रतिनिधित्व यहाँ उपलब्ध गराउन सकिएन। पाँच विकास क्षेत्रमा छुट्टा-छुट्टै क्षेत्रीय प्रसारणको कार्यालय रहेकाले पनि तथ्याङ्कको एकीकृत प्रस्तुति सम्भव नभएको हो। हालसम्ममा जानकारीमा आए केही रेडियो पत्रकारहरुको नामावली परिशिष्ट मा प्रस्तुत गरिएको छ। ती नामावलीको आधारमा पनि रेडियो प्रसारण क्षेत्रमा जनजातिहरुको पहुँच नगण्य भएको कुरा पुष्टि हुन्छ। ती नामावलीहरुमध्ये अधिकांश व्यक्तिहरु क्षेत्रीय प्रसारण र एफ.एम.को भाषिक कार्यक्रममा छन्। रेडियो कार्यक्रमबाट प्रसारित हुने मूल प्रवाह (:बष्ल क्तचभक) को कार्यक्रममा उनीहरुको संलग्नता नगण्य छ।

(ग) सरकारलाई दवाव दिने नागरिक समाज, सांस्कृतिक र प्राज्ञिक पेसा, राजनीतिक दलहरुमा पनि जनजातिहरुको उपस्थिति न्यून छ। र ती नागरिक समाजमा जनजातिका मुद्दाहरुप्रति नकारात्मक धारणाले जरो गाडेको छ।

७. समस्या समाधानका विधिहरु

(१) आदिवासी/जनजातिका पक्षमा बोल्ने, लेख्ने व्यक्ति एवं संस्थालाई साम्प्रदायिकताको आरोप लाग्ने गरेको छ। यस्तो आरोप लगाइनुका पछाडि सयौं वर्ष अगाडि स्थापित भएको मनुवादी सामाजिक व्यवस्था र नेपाल अधिराज्यको संविधानले जनजातिप्रति गरेको भेदभावले पारेको मनोवैज्ञानिक प्रभाव हो। नेपाल अधिराज्यको संविधान २०४७ र यसपछि ल्याइएको छापाखाना तथा प्रकाशन ऐन, एवं राष्ट्रिय प्रसारण ऐन २०४९ मा पनि जनजातिका सवालमा उदारता देखाउन सकिएको छैन। नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिलद्वारा तयार गरिएको पत्रकार आचारसंहितामा पनि जाति, भाषा, धर्मप्रति कठोर रहेको छ। त्यसैले यस्ता संवैधानिक, कानूनी बाधा-अड्चन हटाएका खण्डमा नै साम्प्रदायिक सद्भाव बढ्ने र रेडियो प्रसारण प्रजातान्त्रिक हुने कुरामा दुईमत छैन।

(२) रेडियो प्रसारण सरकारी हस्तक्षेपबाट मुक्त हुन सकेको छैन। सरकारको स्वामित्वमा रहेको रेडियो नेपालले सरकारी नीति र कार्यक्रमको सीमा उल्लङ्घन गर्न नसक्ने बाध्यता छ भने निजी क्षेत्रका एफ.एम.स्टेसनहरुले प्रत्येक वर्ष अनुमति नवीकरण गर्नु पर्ने प्रावधान छ। यसका अतिरिक्त एफ.एम.हरुले समाचारमूलक कार्यक्रम प्रसारण गर्नुपूर्व स्वीकृति लिनु पर्ने बाध्यताले पनि ती स्टेसनहरु स्वतन्त्र संस्थाका रुपमा स्थापित बन्न सकेका छैनन्। यसैले रेडियो नेपाललाई स्वायत्त एवं स्वशासित संस्था बनाइनु जरुरी छ भने एफ.एम.हरुमाथि लगाइएका नियन्त्रणहरु हटाइनु जरुरी छ।

(३) आदिवासी /जनजातिको भावना बुझ्ने रेडियो पत्रकारको उत्पादनले यो समस्या समाधान गर्न सहयोग गर्न सक्दछ।

(४) सरकारी वा गैरसरकारी क्षेत्रबाट रेडियो फिचर, रेडियो म्यागेजिन, संवादका कार्यक्रमहरु

बनाउने र प्रसारण गर्ने परिपाटीको विकास गर्नु पर्छ। रेडियो प्रसारण संस्थालाई बहुलवादी संस्कृतिअनुरुप प्रजातन्त्रीकरण गरिनु पर्छ।

अन्तर्वार्ता लिइएका व्यक्ति र संस्था

१. ध्रुव थापा, वरिष्ठ समाचारवाचक (उपनिर्देशक) रेडियो नेपाल, सिंहदरबार, काठमाडौँ
२. पाण्डव सुनुवार, उपनिर्देशक एवं फूलबारी कार्यक्रम संचालक, रेडियो नेपाल
३. बासुदेव मुनाल , उपनिर्देशक एवं प्रमुख कार्यक्रम शाखा, रेडियो नेपाल
४. बमबहादुर थापा 'जिताली'संयोजक एवं सम्पादक झङ्कार, रेडियो नेपाल
५. ज्ञानुवाकर पौडेल, वरिष्ठ सर्वेक्षक, रेडियो नेपाल
६. मोहन आङवो, कामु सर्वेक्षक, रेडियो नेपाल
७. रमेश पौडेल, सञ्चालक, (साहित्य संसार) रेडियो नेपाल
८. प्रमोद दाहाल, रेडियो संवाददाता रिर्पोटिङ शाखा, रेडियो नेपाल
९. ध्यानबहादुर मोक्तान, तामाङ समाचारवाचक रेडियो नेपाल
१०. दामोदर अधिकारी, कार्यक्रम नियन्त्रक निर्देशक, रेडियो नेपाल
११. भरत भूर्तेल, कार्यक्रम संचालक (अर्थ) रेडियो नेपाल
१२. घमराज लुइँटेल, कार्यक्रम उत्पादक एवं संचालक, रेडियो सगरमाथा
१३. किरण पोखरेल, कार्यक्रम संचालक, रेडियो सगरमाथा
१४. हरि श्रेष्ठ, कार्यक्रम उत्पादक, मेट्रो एफ.एम. कमलाक्षी
१५. इन्दिरा थिङ, समाचारवाचिका मेट्रो एफ.एम.
१६. विक्रम शाक्य, कार्यक्रम संचालक, मेट्रो एफ.एम.
१७. अजितमान तामाङ, पूर्व कार्यक्रम संचालक, हाल नेपाल तामाङ घेदुङ

सन्दर्भ सामग्रीः

१. झङ्कार (रेडियो नेपालको द्वैमासिक मुखपत्र) वर्ष ४२, अंक ५-६ (पुस-फागुन २०५१)
२. झङ्कार, वर्ष ४३, अंक-१ (चैत-वैशाख २०५१-५२)
३. झङ्कार, वर्ष ४४/४५ संयुक्ताङ्क (जेठ-असार २०५४/५५)
४. झङ्कार, वर्ष ४६ अंक ५-६ (पुस-फागुन २०५५)
५. दुर्गानाथ शर्मा, सम्पादक, प्रसारण पत्रकारिता, हाते किताब नेपाल प्रेस इन्स्टिच्युट, २०५४
६. नेपाल जनजाति महासंघ संघिय परिषद् काठमाडौँद्वारा २०५७ मंसिरमा प्रकाशित प्रेस विज्ञप्ति
७. बहुलवादी नेपाली समाजमा आमसंचार-पत्रकारिता विभाग त्रि.वि.फ्रेडिक इर्वट स्टिटुङ, २०५४
८. महानगर, बुलेटिन वर्ष २, अङ्क ५, भाद्र २०५७, काठमाडौँ महानगरपालिका
९. श्री ५ को सरकार -२०४८ तथ्याङ्क पुस्तिका, राष्ट्रिय जनगणना केन्द्रीय तथ्याङ्क विभाग
१०. Natalie Aye Maung & Damodar Ghimire. 1997. Radio Ownership and Listening in Nepal: A National Study. Kathmandu: Radio Nepal.

परिशिष्ट

जनजाति रेडियो संचारकर्मीहरु[१]

| सि.नं. | नाम | पद | कार्यक्रमको नाम | रेडियो स्टेसन | कैफियत |
|---|---|---|---|---|---|
| १. | पाण्डव सुनुवार | उपनिर्देशक | फूलवारी, फोनइन | रेडियो नेपाल | |
| २. | धन लामा | क्षेत्रीय प्रमुख | - | रेडियो नेपाल | |
| ३. | मोहन आङवो | सर्वेक्षक | प्रतिभा साँझ | रेडियो नेपाल | |
| ४. | भरत लामा | संचालक | | रेडियो नेपाल | |
| ५. | बुलु मुकारुङ | संचालक | सौजन्य | रेडियो नेपाल | |
| ६. | रत्नकुमारी चौधरी | उद्घोषक | क्षेत्रीय प्रसारण | रेडियो नेपाल, मध्यमाञ्चल | |
| ७. | सेशना सुब्बा | संचालिका | हाम्रो खाल्डो | सगरमाथा एफ.एम. | |
| ८. | दीपा राई | संचालिका | हाम्रो खाल्डो | सगरमाथा एफ.एम. | |
| ९. | हरि श्रेष्ठ | समाचारवाचक | नेपाल | रेडियो नेपाल, मध्यमाञ्चल | |
| १०. | रचना श्रेष्ठ | समाचारवाचक | नेपाल | रेडियो नेपाल, मध्यमाञ्चल | |
| ११. | हरिश्चन्द्र श्रेष्ठ | समाचारवाचक | नेपाल | रेडियो नेपाल, मध्यमाञ्चल | |
| १२. | ध्यानबहादुर मोक्तान | समाचारवाचक | तामाङ | रेडियो नेपाल, मध्यमाञ्चल | |
| १३. | रमिता लामा | संचालक | सांसद फोन इन | रेडियो नेपाल | |
| १४. | इन्दिरा थिङ | समाचारवाचक | तामाङ | काठमाडौं क्षेत्रीय प्रसारण र मेट्रो एफ.एम. | |
| १५. | खेमबहादुर सारु मगर | समाचारवाचक | खाम मगर | काठमाडौं क्षेत्रीय प्रसारण | |
| १६. | तिलविक्रम चेम्जोङ | समाचारवाचक | लिम्बू | काठमाडौं क्षेत्रीय प्रसारण | |
| १७. | नेत्रकुमारी लिम्बू | समाचारवाचक | लिम्बू | धनकुटा क्षेत्रीय प्रसारण | |
| १८. | श्यामराज राई | समाचारवाचक | राई बान्तवा | धनकुटा क्षेत्रीय प्रसारण | |
| १९. | ङवाङशर शेर्पा | समाचारवाचक | शेर्पा | काठमाडौं क्षेत्रीय प्रसारण | |
| २०. | सीताराम ताजपुरिया | उद्घोषक | रात्री सेवा | काठमाडौं केन्द्रीय प्रसारण | छोडेको |
| २१. | मिङमा शेर्पा | समाचारवाचक | शेर्पा | रेडियो नेपाल | |
| २२. | राकेशकुमार सिंह | समाचारवाचक | भोजपुरी | रेडियो नेपाल | |
| २३. | अरविन्द मिश्र | समाचारवाचक | भोजपुरी | रेडियो नेपाल | |
| २४. | शान्ति गुरुङ | समाचारवाचक | गुरुङ | पोखरा क्षेत्रीय प्रसारण | |
| २५. | इन्दिरा गुरुङ | समाचारवाचक | गुरुङ | पोखरा क्षेत्रीय प्रसारण | |
| २६. | शिला गुरुङ | समाचारवाचक | गुरुङ | पोखरा क्षेत्रीय प्रसारण | |
| २७. | हर्क आले मगर | समाचारवाचक | मगर भाषा | रेडियो नेपाल | |
| २८. | आङदावा शेर्पा | समाचारवाचक | शेर्पा भाषा | रेडियो नेपाल | |

१ यो आधिकारिक नामावली हैन। उपलब्ध भएसम्मको जनजाति रेडियो संचारकर्मीहरुको सङ्कलित नामावली मात्र हो। यसमा केही छुटेका पनि हुन सक्छन् र केहीले काम छोडिसकेका पनि हुन सक्छन्।

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | लाक्पा शेर्पा | समाचारवाचक | शेर्पा भाषा | रेडियो नेपाल | |
| ३०. | विनीता चौधरी | समाचारवाचक | पश्चिमे थारु | सुर्खेत क्षेत्रीय प्रसारण | |
| ३१. | विन्तीराम महतो | समाचारवाचक | पश्चिमे थारु | सुर्खेत क्षेत्रीय प्रसारण | |
| ३२. | श्रीउषा चौधरी | समाचारवाचक | पश्चिमे थारु | सुर्खेत क्षेत्रीय प्रसारण | |
| ३३. | तिलकराम चौधरी | समाचारवाचक | पूर्विया थारु | धनकुटा क्षेत्रीय प्रसारण | |
| ३४. | भूदेव नारायण भगत | समाचारवाचक | पूर्विया थारु | धनकुटा क्षेत्रीय प्रसारण | |
| ३५. | लक्ष्मीकुमार गच्छदार | समाचारवाचक | पूर्विया थारु | धनकुटा क्षेत्रीय प्रसारण | |
| ३६. | श्यामकुमार राई | समाचारवाचक | बन्तवा भाषा | धनकुटा क्षेत्रीय प्रसारण | |
| ३७. | दीपक तामाङ | समाचारवाचक | तामाङ भाषा | रेडियो नेपाल | |
| ३८. | धुव्र मधिकर्मी | समाचारवाचक | नेपाल भाषा | रेडियो नेपाल | |
| ३९. | प्रतिक ड्यासुर | संचालक | तामाङ भाषा | मेट्रो एफ.एम.काठमाडौं | |
| ४०. | मायालु ड्यासुर | संचालिका | उपत्यका सेरोफेरो तामाङ भाषा | सगरमाथा एफ.एम.१०२.४ मेट्रो एफ. एम. | |
| ४१ | भरत बमजन | उद्घोषक | | रेडियो नेपाल | |
| ४२. | रीता लिम्बू | प्रस्तोता एङकर | घरसंसार | हिट्स एफ.एम.काठमाडौं | |
| ४३. | कला सुब्बा | प्रस्तोता एङकर | घरसंसार | हिट्स एफ.एम.काठमाडौं | |
| ४४. | स्यारोन शेर्पा | प्रस्तोता एङकर | प्रायोजित कार्यक्रम | १०० एफ.एम. | छोडेको |
| ४५. | प्रेम सायमी | समाचारवाचक | नेपाल भाषा | रेडियो नेपाल | |
| ४६. | संगीता शुक्ला ८ | समाचारवाचक | अवधी | सुर्खेत क्षेत्रीय प्रसारण | |
| ४७. | अब्दुल गयुँ ३ | समाचारवाचक | उर्दू | रेडियो नेपाल | |
| ४८. | महली उल्लाह ३ | समाचारवाचक | उर्दू | रेडियो नेपाल | |
| ४९. | मिया मुद्दिन मियाँ ३ | समाचारवाचक | उर्दू | रेडियो नेपाल | |
| ५०. | सुरेन्द्रमणि त्रिपाठी ८ | समाचारवाचक | अवधी | सुर्खेत क्षेत्रीय प्रसारण | |
| ५१. | अशोक मिश्र८ | समाचारवाचक | अवधी | सुर्खेत क्षेत्रीय प्रसारण | |
| ५२. | डा. अरिविन्द मिश्र८ | समाचारवाचक | मैथिली | रेडियो नेपाल, मध्यमाञ्चल | |
| ५३. | धीरेन्द्र प्रेमर्षि ८ | समाचारवाचक | मैथिली | रेडियो नेपाल, मध्यमाञ्चल | |

*८ जनजातिहरुको परिभाषा भित्र नपरेका समुदाय भए पनि अल्पसंख्यक मधेसी समुदायमा पर्दछन्।*

*३ अल्पसंख्यक मधेसी समुदाय अन्तर्गत पर्ने मुस्लिम समुदाय।*